
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २७ गते शनिबार ❑ 14 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्यटन टिकाउन होटल संघद्वारा राष्ट्र बैंकको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

कोभिड १९ का कारण पर्यटन क्षेत्र शिथिल बन्न पुगेको जनाउँदै होटल संघ पोखरा नेपालले व्यवसाय टिकाउनका लागि आवश्यक सहजिकरणका लागि आग्रह गर्दै नेपाल राष्ट्र बैंकलाई एक ध्यानाकर्षण पत्र बुझाएको छ।

नेपाल राष्ट्र बैंकको निर्देशिकामा व्यवस्था भए अनुसार पर्यटन क्षेत्रमा लगानी गरिएको कर्जाको पुनरतालिकिकरण, पुनर्संरचना र पुनर्लगानीको व्यवस्था प्राथमिकताका साथ हुनु पर्ने भन्दै संघले केन्द्रिय बैंकका गर्भनर महाप्रसाद अधिकारीको ध्यानाकर्षष गराएको हो। यसका लागि संघको एक टोली शुक्रबार नेपाल राष्ट्र बैंकको पोखरा कार्यालय पुगी त्यस कार्यालयकी निर्देशक आर्या जोशीलाई सो पत्र बुझाएको थियो । होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड १९, रुस-युक्रेन युद्ध, पोखरा आउने अस्तव्यस्त राजमार्ग र यति एयरको जहाज दुर्घटनाको असरले पोखराको पयन अहिले निकै शिथिल बन्न पुगेको बताए। उल्लेखित कारणले पोखरामा पर्यटक आगमन नगण्य रहेको भन्दै अध्यक्ष सुवेदीले बैंक तथा वित्तिय संस्थालाई तिर्न, बुझाउनु



पर्ने कर्जाको सावाँ तथा व्याज तत्कालका लागि बुझाउन असमर्थ रहेको अवगत गराए।

हाल भएका कर्जाहरूलाई कम्तीमा ३ वर्ष अबधि थप गरी पुनर्तालिकीकरण गरि पूँजीकरण गरिएको ब्याजलाई अनुपातित रूपमा पुनर्तालिकीरण गरिएको कर्जाको व्याज र साँवा तिर्ने समयसीमा असोज मसान्तसम्म तोकिएको हुँदा आर्थिक भार थेग्न नसकी एकै पटक तिर्न नसकिने हुँदा लामो अवधिको लागि किस्ताबन्दीमा तिर्ने, बुझाउने व्यवस्था हुनु पर्ने माग संघको छ । बैंक तथा वित्तीय संस्थाले कुनै प्रकारको जरिवाना शुल्क लिन नपाउने तथा व्यवसायीलाई कर्जा भुक्तानी गर्न बाध्यकारी बनाउन नपाउने तथा व्यवसायीको धितो लिलामी गर्ने जस्ता कार्य हाललाई बाध्यकारी नगर्न समेत संघले ध्यानाकर्षण गराएको छ। ध्यानाकर्षण पत्रमा थप भनिएको छ- 'पर्यटन व्यवसायमा कमर्सियल बैंकहरुले गर्ने लगानी अनिवार्य ढंगले टोकनको रुपमा गर्ने व्यवस्था गर्दै आर्थिक संकटको समयमा गरिएको लगानीको जोखिमलाई कम गर्न उच्च व्याजदरमा रहेको ऋणलाई न्यूनतम व्याजदर कायम गर्न बैंकहरुलाई परिपत्र गरियोस् ।' राष्ट्र बैंकको निर्देशिका बमोजिमको आर्थिक संकटको समयमा नगद प्रवाहको समस्या भएको कारणले बैंकलाई तिर्न नसकिएको व्याजलाई दुई वर्षमा बाँडेर वेलुनिङ विधिबाट भुक्तानी गर्ने व्यवस्था गरिनु पर्ने माग गर्दै संघले यस्तो व्यवस्था गर्दा हाल सम्म नियमितरुपमा साँवा व्याज भुक्तानी गरिरहेका ऋणीहरुलाई बैंकले व्याजमा विशेष छुटको व्यवस्था गर्न आग्रह गरिएको छ।

बैंकहरुले पर्यटन क्षेत्रमा भएको लगानीको व्याजदर एकल अंकमा हुने व्यवस्था गरिनु पर्ने, व्याजमा आधारदर मात्र कायम गरिनु पर्ने, कोभिड र त्यस पछिको विग्रदो आर्थिक अवस्थालाई मध्येनजर गरी पर्यटन क्षेत्रको अडिट प्रतिवेदनमा वासलातमा कुल संचालन मुनाफा लगातार ऋणात्मक भई बैंकले ऋण प्रवाहमा अवरोध गर्ने गरेको व्यवस्थालाई हटाइनु पर्ने र विद्युत उत्पादनको लगानीमा रहेको व्यवस्था पर्यटन क्षेत्रमा समेत लागु गरिनु पर्ने माग पनि रहेका छन् । हाल आय-आम्दानी नभएको कारणले नगद प्रवाहमा देखिएको समस्यालाई सम्बोधन गर्न बैंकहरुले सम्पत्तिको वास्तविक मुल्याङ्कन गरि ८० प्रतिशत ऋण प्रवाह गरिनु पर्ने, हाल आर्थिक संकटबाट सबैभन्दा धेरै पर्यटन व्यवसाय आक्रान्त भएको हुँदा विशेष व्यवस्था गरी थप सहुलियत ऋण प्रदान गरिनु पर्ने माग पनि संघको रहेको छ । वातावरणीय अध्ययनको ढिलाईका कारणले नविकरण हुन नसकेका होटल उद्योगहरुलाई सहज रुपमा नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोवार अनुमतीपत्र नविकरण गरिनु पर्ने माग पनि संघको छ।

होटल तथा पर्यटन क्षेत्रलाई पनि कृषी क्षेत्र सरह सहुलियत कर्जा उपलब्ध गराई होटल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुस्ताङसहित जुम्लाका भेंडा-च्यांग्रा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

नेपालीहरुको महान पर्व वडा दशैंको अवसरमा पोखरामा भेंडा च्यांग्राको बिक्री वितरण सुरु भएको छ । हिमालपारीको जिल्ला मुस्ताङ देखि डोल्पा, मुगु हुदै जुम्ला क्षेत्रमा पालन गरेका भेंडा च्यांग्रा पोखरामा बिक्रीको लागि आइपुगेको व्यवसायीहरुले बताउनुहुन्छ।

मुस्ताङ क्षेत्रमा उत्पादन भएका भेंडा च्यांग्रा सहित मुगु, डोल्पा, जुम्ला लगायतका क्षेत्रमा समेत उत्पादन भएका ५ वटा समुह पहिलो चरणमा पोखरामा बिक्रीको लागि ल्याइएको हो। पोखराको हेमजा, याम्दी हुदै सडक छेउछाउको जंगलमा चराउदै बिक्री समेत गर्न सुरु भएको एक व्यवसायी रमेश खड्काले बताउनुभयो।

यस बर्षको लागि पोखरामा पहिलो चरणमा आफुहरुले माथिल्लो मुस्ताङ लोमान्थाङ क्षेत्रबाट ३ सय ६५ वटा भेंडा च्यांग्रा बिक्रिको लागि ल्याएको पोखरा बगर स्थित सम्झना फ्रेस हाउसका संचालक समेत रहनु भएको रमेश खड्काले बताउनु भयो। मुस्ताङबाट आफुहरुले भेंडा च्यांग्राको स्वास्थ्य परिक्षण गरी ८ दिनमा पोखरामा भेंडा च्यांग्रा ल्याएको उहाँले बताउनु भयो । पहिलो चरणमा ल्याएको मुस्ताङका भेंडा च्यांग्रा २४ देखि २६ केजीका भएको बताउदै खड्काले हाल आफुहरुले ५० हजारमा प्रति भेंडा च्यांग्रा बिक्री गर्न सुरु गरेको हामीलाई बताउनु भयो । यसपाली मुस्ताङमा भेंडा च्यांग्रा कम उत्पादन भई आफुहरुको खरिद मुल्यनै बढी परेकोले यसपाली गत बर्षको भन्दा केही महङगोमा बिक्री गर्न बाध्य भएको उनले




जनाए। उहाँको फ्रेस हाउसबाट पनि खुद्राको रुपमा च्यांग्राको मासु बिक्री हुन सुरु भएको छ । च्यांग्राको प्रति केजी मासु हाल २ हजार १ सय मा बिक्रि गर्न सुरु गरेको उहाँले जनाउनु भयो । मुस्ताङका स्थानिय किसानहरुले हुर्काएका भेंगा च्यांग्रा यस बर्षको लागि बिक्रि गर्ने उद्धेश्यले मुस्ताङबाट हालसम्म ४ हजार ५ सय वटा बाहिरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र मुस्ताङका डा.लालमणि अर्यालले बताउनु भयो। केही दिन देखि सुरु भएको भेंडा च्यांग्राको स्वास्थ्य परिक्षण हालसम्म जारी रहेको उहाँको भनाई छ। प्रति भेंडा च्यांग्राको स्वास्थ्य परिक्षण गर्दा १५ रुपैया शुल्क तिरेको व्यवसायीहरुले बताउनु भएको छ। उक्त भेंडा च्यांग्राको स्वास्थ्यको हालको अबस्था राम्रै भए पनि केही दिन पानी परेकोले लेकबाट बेसीमा झार्दै पोखरा लगायतका स्थानमा पुग्दा केही भेंडा च्यांग्राको नाकबाट सिंगान आउन सक्ने डा.अर्यालले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा गरिएको भेंडा च्यांग्रा निकै राम्रा पुष्टिका रहेका छन् । मुस्ताङको जोमसोमबाट म्याग्दी हुदै पोखरा, काठमाडौं, चितवन लगायतका क्षेत्रमा दशैं पर्व लक्षित हुने गरी यस बर्ष करिब ७ हजार भेंडा च्यांग्रा बिक्रिको लागि मुस्ताङबाट बाहिरिने भएको व्यवसायीहरु बताउनु हुन्छ । यस बर्ष मुस्ताङबाट करिब ४ हजार र ३ हजार जसो डोल्पा क्षेत्रमा उत्पादन भएका भेंडा च्यांग्रा मुस्ताङबाट वेनी हुदै पोखरा पुग्न थालेको भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र मुस्ताङका निमित्त कार्यालय प्रमुख ऋषिराम पोखरेलले बताउनुभयो । यस बर्षको भेंडा च्यांग्राको मुल्यको बद्नुमा मुस्ताङको कोरोना नाका दशैं अगाडै नै खेल्ने सम्भावना नभएर भएको बताइन्छ।

पछिल्लो समयमा मुस्ताङ क्षेत्रमा पर्यटकहरुको आगमन राम्रो भएसंगै भेंगा च्यांग्राको मुस्ताङमै पनि राम्रो खपत हुन थालेकोले दशैं तिहारको अवसरमा पोखरा लगायतका क्षेत्रमा आफुहरुले पालन गरेका भेंगा च्यांग्रा केही कम पठाउन थालिएको मुस्ताङका एक भेंडा च्यांग्रा व्यवसायी आङग्याल गुरुङले बताउनुभयो।

## भद्रकाली मन्दिरको आहवानसहितको विशेष अनुरोध




श्री गणेश तथा भद्रकाली मन्दिरको प्रस्तावित भू-उपयोग नक्सा




श्री गणेश तथा भद्रकाली मन्दिरको प्रस्तावित गुरुयोजना

सुझावको लागि :
फेसबुक पेज : श्री भद्रकाली मन्दिर पोखरा
इमेल : bhadrakalimandir@gmail.com

श्री भद्रकाली मन्दिरको (प्रस्तावित नक्सा)



श्री भद्रकाली माताले हामी सबैको कल्याण गरुन् !





बैंक खाता नम्बरहरु :
(A/c 3070991204400011)
(A/c 1210145046100018)
(A/c 0030080013674000005)

पोखरा महानगरपालिका वडा नं १२ / १३ मा अवस्थित **श्री भद्रकाली मन्दिर** हामी सबै पोखरावासीले चिनेको, देखेको र बुझेको धार्मिक स्थल हो। यसका बारेमा वर्णन गरिरहन नपर्ला। साथै श्रद्धापूर्वक आराध्य देवी शक्तिपीठको रूपमा पोखरावासी हामी सबैले करिब २०० वर्षदेखि पुज्दै आएका छौं र मान्दछौं पनि। यस्तो प्रकारको ऐतिहासिक धार्मिक सम्पदा धरोहर हाम्रो सामु रहेर पनि यसको यथोचित विकास र उत्थानसहित संरक्षण सम्बर्धन नभईरहेको परिप्रेक्षमा हामी यस क्षेत्रका नागरिक समाज एउटा श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति संस्था दर्ता गरी यसको समग्र विकास निर्माण तथा पुनः निर्माणसहित संरक्षण सम्बर्धनको यो पवित्र अभियानमा करिब ३० / ३५ वर्षबाट लागिपरेका छौं, जुटिरहेका छौं भन्दै सर्वप्रथमतः गुठी सम्पत्ती जग्गा, जमिन्, वन क्षेत्रको संरक्षण गरेका छौं भने वन असाध्यै राम्रोसँग हुर्काएका छौं, दुवैतर्फबाट मन्दिर उक्लने सुविधायुक्त सिंढी बाटो बनाएका छौं, माथि मन्दिर परिसर काली माताको आँगन फराकिलो बनाएका छौं, पानी, बिजुलीको व्यवस्था मिलाएका छौं, तल बेसीमा रहेको गुठी जग्गालाई एउटा उत्कृष्ट शान्ति वाटिका बनाउने गुरुयोजना मुताबिक केही काम पनि अगाडि बढिरहेकोछ, मन्दिर परिसरमा जीर्ण मठ, मन्दिर मर्मत सुधारदेखि नयाँ पाटी पौवा, यज्ञशाला पुनः निर्माण गरेका छौं। समग्र रूपमा हिजोको भद्रकाली मन्दिर क्षेत्र र हालको मन्दिर क्षेत्र जमिन आसमानको फरक र विकसित हुँदै द्रुत गतिमा अगाडि बढिरएको यर्थाता यहाँहरूले पनि महसुस गर्नुभएको छ होला भन्ने हाम्रो ठम्याइ र बुझाइ हो। यति भन्दै यस धार्मिक क्षेत्रको मन्दिर परिसरमा रहेको मुख्य मन्दिर श्री भद्रकाली माताको मन्दिर मिति २०७२ सालमा आएको महाभूकम्पले क्षतिग्रस्त भएको थियो। यसको पुनःनिर्माण गर्न हामी जुटि रहँदा रहँदै पनि ७/८ वर्ष बितेको छ। केही ढिलाइ भए जस्तो हामीलाई पनि लागेको छ तर एउटा राम्रो दिव्य र भव्य मन्दिर बनाउँछौं भन्दा केही समय ढिलाइ भएको हो, यसमा समिति क्षमायाचना माग्दछौं। आज हाम्रो तर्फबाट उक्त मन्दिरको दिव्य र भव्य नक्सा बनाएका छौं, कोरेका छौं, तर यो भद्रकाली माताको मन्दिर पोखरावासी हामी सबैको प्रमुख देवी शक्तिपीठ मध्ये एक भएको र पुजिँदै आएको कारण हामीले मात्रै सोचेर नहोला, नपुग्ला सबै पोखरावासीको राय लिऔं, विज्ञजनहरूबाट सुझाव मागौं, कमी, कमजोरी रहे सुधार गरौं र एउटा उत्कृष्ट नमुनाको सबैको अपनत्व बोकेको दिव्य र भव्य मन्दिर बनाउन सकौं भन्ने पवित्र मनसायबाट यस मन्दिर परिसरमा एउटा होर्डिङबोर्ड बनाई उक्त प्रस्तावित भद्रकाली माताको मन्दिरको नक्सा टाँसेका छौं। यसै वर्षको वडादसैं विजया दशमी पनि सुरू भइसकेको छ। सबै पोखरावासी महानुभावहरू, विज्ञ व्यक्तित्वजन, धार्मिक, सामाजिक अभियान्ता, नागरिक समाज, पत्रकारबन्धु, भद्रकाली माताका शुभचिन्तक, भक्तजन, साहु, सन्त, महाजन सबैमा यस वर्षको विजयादशमीको बेलामा यस धार्मिक क्षेत्रमा आइदिनुहोस्। हाम्रो अथक प्रयासलाई नजिकबाट नियालिदिनुहोस्, हेरी दिनुहोस्, कमी, कमजोरी रहेछ भने समयमै सुधार्न सल्लाह, सुझाव दिनुहोस्, सबैको प्रयासबाट दिव्य, भव्य र उत्कृष्ट राम्रो मन्दिर बनाउन सकियोस् भनी सबैमा दिलैदेखि आह्वान गर्दै यो मन्दिर सेवा समिति तथा यस भेगका सम्पूर्ण नागरिक समाजको तर्फबाट हार्दिक हार्दिक अनुरोध गर्दछौं।

अन्त्यमा, काली माताले हामी सबैको कल्याण गरून् । धन्यवाद !

## पृथ्वी राजमार्गको स्तरोन्नतिको गति बढाउन पूर्वअध्यक्षहरुको माग

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

लेखनाथ उद्योग वाणिज्य संघका पूर्वअध्यक्षहरुले पृथ्वी र सिद्धार्थ राजमार्ग स्तरोन्नतिमा भएको ढिलाइप्रति चिन्ता व्यक्त गरेका छन् ।

उनीहरुले स्तरोन्ततिमा भएको ढिलाइले लेखनाथबासीको स्वास्थ्यमा गम्भीर असर परेको पनि जिकिर गरिएका छन् । ९ जना पूर्वअध्यक्षहरुले शुक्रबार विज्ञप्ति जारी गर्दै मुग्लिनदेखि पोखरासम्मको सडक स्तरोन्तति कार्यमा तीव्रता दिन ठेकेदार कम्पनी र सहजीकरणका लागि सडक डिभिजन कार्यालयसहित नेपाल सरकारसँग जोडदार माग गरेका छन् । मुग्लिन-पोखरा सडक स्तरोन्नतिको जिम्मा दुई चिनियाँ कम्पनीले पाएका छन् । आउँदो साउनभित्र सक्नुपर्ने गरी ठेक्का लिएका ती कम्पनीहरुको काम असाध्यै सुस्त छ ।राजमार्गमा स्तरोन्नतिको काम चलिरहँदा काठमाडौं-पोखराको यात्रा कष्टकर,लामो र खर्चिलो बनेको छ । संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यसहित पूर्वअध्यक्षहरु चतुराखर अधिकारी,बाबुराम जमरकट्टेल,सुमन भट्टराई,बाबुराम गिरी,लक्ष्मीप्रसाद त्रिपाठी,कृष्णहरि भण्डारी,बलराम ढकाल र निवर्तमान अध्यक्ष छत्रधर आत्रेयद्धारा जारी विज्ञप्तिमा विजयपुर खोलामाथि रहेको पुलका कारण भएको ट्राफिक जामको समस्याप्रति पनि चिन्ता व्यक्त गरिएको छ । 'पुलमाथि रहेको बेली ब्रिजले अहिलेको सवारी साधनको चापलाई धान्न सकिरहेको छैन । एकतर्फी रुपले संचालन हुने सो पुलकै कारण सवारी साधनहरु घण्टौंसम्म रोकिनुपर्ने हाम्रो नियति बनेको छ,'विज्ञप्तिमा भनिएको छ,' हामीले यसअघि पनि दैनिक हजारौं सवारी साधन आवतजावत हुने तथा पर्यटकीय नगरी पोखराको परिचयसँग जोडिएको पुलको विकल्प खोज्न सरोकारवाला निकायहरुसँग अनुरोध गरेका थियौं तर समस्या ज्यूँकात्यूँ छ ।'

विज्ञप्तिमा दशैंको मुखमा नागरिकलाई सुविधा दिने गरी विजयपुरमा वैकल्पिक व्यवस्थाको माग पनि गरिएको छ। सडकको दुरावस्थाकै कारण पोखरा आउने पर्यटक अन्यत्र मोडिएको जिकिर गर्दै विज्ञप्तिमा भनिएको छ,'पृथ्वी राजमार्ग निर्माण भएको यतिका वर्ष बितिसक्दा/पोखराले बृहत स्वरुप ग्रहण गर्दा पनि एउटा पुल बन्न नसक्नु लज्जाको विषय हो। अतः हामी राजमार्गको स्तरोन्तति द्रूत गतिमा अगाडि बढाउन एवं विजयपुर खोलामाथि आधुनिक र फराकिलो पुल निर्माणको लागि संघ, प्रदेश र स्थानीय सरकारसँग जोडदार माग गर्दछौं ।'

# साँढे ९ महिना पछि पोखरामा पुनः तोरीपानीबाट प्याराग्लाईडिङको उडान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज



साहसिक खेल प्याराग्लाईडिङ अन्ततः पहिलाको स्थान तोरीपानी बाहकोटबाट पुनः उडान हुने भएको छ।

पोखरामा विगत साँढे ९ महिना देखि स्थान्तरण भएको प्याराग्लाईडिङको उडान (टेकअफ) आउदो आइतबार घटस्थापनाको दिन देखि पोखरा १८ को तोरीपानीबाटै हुने भएको नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष सुनिलबहादुर भट्टराईले बताउनु भयो। पोखरा अन्तरास्ट्रिय विमानस्थलको कारण देखाउदै पोखरा १८ को तोरीपानीबाट पोखरा २४ को मान्द्रेढुंगाबाट स्थान्तरण भई संचालन गरिएको प्याराग्लाईडिङ पुनः पहिलाकै स्थान तोरीपानीबाट आउने भएसंगै हाल उक्त क्षेत्रमा उडान भर्ने स्थलमा मर्मत संहार तथा कार्पेट राख्ने काम भई रहेको अध्यक्ष भट्टराईले हामीलाई बताउनु भयो । संघ, प्रदेश र स्थानीय सरकारसँगको समन्वयपछि तोरीपानीबाट उडाउन अनुमति प्राप्त भएको नाले जनाएको छ । एरोनोटिकल इन्फरमेसन पब्लिकेसन (ए.आई.पि.) मा तोरीपानीबाट पोखराको प्याराग्लाईडिङ गर्न उपयुक्त छ भनी अनुमति सहितको सूचना प्रकाशन भएसंगै अब आफुहरु आफ्नो आन्तरिक तयारी गरी पहिलाकै स्थानबाट प्याराग्लाईडिङ गर्ने भएको अध्यक्ष भट्टराईले बताउनु भयो । अब आफुहरुलाई पोखराको आकाशमा पहिलाको तुलनामा केही बढी क्षेत्र प्राप्त गरेसंगै अब ल्याडिङको बिषयमा पनि पहिलाकै स्थान पखौदीमा ल्याडिङ(अवतराण) को लागि माग गरिएको उहाँले बताउनु भयो। आफुहरुले हाल अन्तराष्ट्रिय स्तरको प्याराग्लाईडिङको उडान भर्ने स्थल(टेकअफ) बनाउने गरी कार्पेट समेत विच्छाउने गरी काम गरेको अध्यक्ष भट्टराईले उल्लेख गर्नु भयो । करिब ८ लाखको लागतमा उक्त मर्मत तथा संहार एवं सरसफाई गरिने भएको नाले जनाएको छ। पोखरा अन्तरास्ट्रिय विमानस्थलको कारण हाल पोखरामा विहान ११:०० बजे देखि दिउँसो ३:०० बजेसम्मको लागि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले अनुमति दिएको छ । आफुहरुले क्यान सहित पर्यटन विभाग तथा मन्त्रालयहरुमा पोखराबाट सोलो प्याराग्लाईडिङ गर्ने समेत अनुमती माग गरेको अध्यक्ष भट्टराईले जनाउनु भयो। पोखरामा फष्टाउदै आएको साहसिक खेल प्याराग्लाईडिङ स्थान्तरण भएसंगै हिजोआज करिब ५ गुणाले खस्केको व्यवसायीहरु बताउनु हुन्छ । पोखरा अन्तरास्ट्रिय विमानस्थल संचालन हुनु पूर्व पोखराबाट दैनिक जसो ५ सय आन्तरिक तथा बाह्यिय पर्यटकहरुले प्याराग्लाईडिङ गर्दै आए पनि हाल स्थान्तरण भएसंगै हिजोआज भने पहिलो तुलानमा ५ गुणाले ह्वात्तै घटेर १ सय जनाको हाराहारीमा पुगेको निवर्तमान अध्यक्ष कृष्ण भण्डारीले बताउनु भयो।

# पोखराको बाटुलेचौरमा दोस्रो राजपँधेरा भेट्रान्स कप भलिवल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज



पोखरामा ३५ वर्ष माथिका पुरुष विच दोस्रो राजपँधेरा भेट्रान्स कप भलिवल प्रतियोगिता शुरु भएको छ।

पोखरा-१६ बाटुलेचौरमा रहेको राजपँधेरा टोल विकास संस्थाको आयोजनामा स्थानिय बाटुलेचौर खेल मैदानमा भलिवल प्रतियोगिताको शुरु भएको हो । बडादशैंको अवसरमा आयोजित प्रतियोगिताको उद्घाटन गर्दै पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाले मानविय जीवनलाई स्वस्थ र फुर्तिलो वनाउन खेल आवस्यक रहेको वताए । उनले टोल विकास संस्थाहरुले विकास निर्माण र सामाजिक कार्यका अलावा मानव स्वास्थ्यका क्षेत्रमा पनि ध्यान दिनुपर्ने वताउँदै, संस्थाले गरेको कार्य उत्कृष्ट रहेको भन्दै प्रशंसा गरे । संस्थाका अध्यक्ष एवं कार्यक्रम संयोजक मिन वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा-२० का वडाध्यक्ष गंगाबहादुर खत्री क्षेत्री, पोखरा- १६ का पुर्व वडाध्यक्ष जीवन आचार्य, गरिमा विकास बैंक वाटुलेचौर शाखाका प्रमुख कमल सुवेदी लगायतकाले राजपधेरा टोल विकास संस्थाले गरेका कार्यको अरु संस्थाले पनि सिको गर्नुपर्ने औल्याए। उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष हरिश्चन्द्र वस्नेत र संचालन आशिष गुरुङले गरेका थिए । कार्यक्रममा स्थानिय कलाकार इशु गुरुङ, प्रतिमा गुरुङ, राजेश तामाङ र खुशीमान गुरुङले मौलिकता झल्कने साँस्कृतिक झ्याउँरे नृत्य प्रस्तुत गरेका थिए । तीन दिनसम्म संचालन हुने प्रतियोगितामा पोखराका १, १६, १९ र २० नम्वर वडाका ३५ वर्ष माथिका पुरुष सहभागी १० टिमले सहभागिता जनाएको भलिवल प्रतियोगिता उपसमितिका संयोजक विशाल खड्काले जानकारी दिनुभयो ।लिग राउण्डका आधारमा हुने खेलमा भलाम १, भलाम २, ठाँटी, मैदान,नमुना क्लव, चनौटे १,लामाचौर, अम्विका टोल, आयोजक राजपँधेरा र अर्मलाकोट गरी १० वटा भेट्रान्स टिमको सहभागिता रहेको छ । "स्वास्थ्यका लागि खेलकुद" भन्ने अभियानका साथ आयोजना गरिएको कार्यक्रममा आईतवार अन्तिम दिन भलिवलको फाइनल सहित रस्साकस्सी प्रतियोगिता, घैंटो फुटाउने, ठेलो हान्ने लगायतका सांस्कृतिक कार्यक्रम संचालन हुने वताईएको छ। प्रतियोगितामा विजेतालाई च्यांङ्ग्रा, मेडल र ट्रफी तथा उपविजेतालाई भेडा, मेडल र ट्रफी प्रदान गरिने छ भने विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई नगद पुरस्कार प्रदान गरिने वताईएको छ।

प्रतियोगिता सम्पन्न गर्न करिव ८ लाख खर्च लाग्ने र सो रकम विभिन्न संघ, संस्था तथा सहयोगीवाट संकलन गरिने आर्थिक उपसमितिका संयोजक केशव थापाले वताउनु भयो । कार्यक्रमलाई व्यवस्थित बनाउन संस्थाका अध्यक्ष मिन वहादुर गुरुङको संयोजकत्वमा ९३ सदस्यीय मुल समिति र विभिन्न १२ वटा उपसमितिका साथै सल्लाहकार समिति समेत गठन गरिएको छ।

# तालचोक-बेगनास सडक अब चार लेन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

पोखरा महानगरपालिका-२७ तालचोकदेखि वडा नं ३१ बेगनास जोड्ने सडक चार लेनमा स्तरोन्नति भइरहेको छ। गत चैतदेखि सडक निर्माण थालिएकामा करिब दश प्रतिशत भौतिक प्रगति भएको महानगरले जनाएको छ।

"ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल निर्माण सुरु भएको हो", महानगरका इन्जिनियर जगन्नाथ कोइरालाले भन्नुभयो, "सरासर काम भयो भने विसं २०८१ भित्र सडक बनिसक्छ, निर्माण कम्पनीको प्रतिबद्धता पनि त्यही छ।"

विश्व बैंकको सहयोगमा उक्त सडकको स्तरोन्नति योजना अगाडि बढेको उहाँले बताउनुभयो । तीन दशमलव २८ किमीको चार लेन सडक बनाउने जिम्मा 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी'ले पाएको इन्जिनियर कोइरालाले बताउनुभयो । "रु एक अर्ब ४९ करोडको लागत योजना रहे पनि निर्माण कम्पनीसँग भ्याटबाहेक रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको हो", उहाँले भन्नुभयो, "फुट ट्रयाक, साइकल लेन र पार्किङसहितको नमूना सडक बन्दैछ।" सडक छेउछाउमा बगैंचा, सडकबत्तीलगायत आकर्षक पूर्वाधार बनाइने महानगरले जनाएको छ । सडकमा तीन पुल पनि बन्नेछन् । अहिले सडक विस्तार, नाला र पर्खाल निर्माणको काम भइरहेको इन्जिनियर कोइरालाले बताउनुभयो । दसैंअघि मार्ग खुलेर पनि सडक स्तरीय नहुँदा सो क्षेत्रका बासिन्दाले सास्ती खेप्दै आएका थिए । सो सडक बेगनास, रुपा गाउँपालिका हुँदै लमजुङ जोडिन्छ । पोखरा-२७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले तालचोक-बेगनास सडक स्तरोन्नति महानगरकै गौरव गर्न लायक योजना रहेको सुनाउनुभयो । "विस्तारै कामले गति लिइरहेको छ, केही ठाउँमा जग्गाको मादपण्डबारे स्थानीयले उठाएको मागका विषयमा पनि अध्ययन गर्न समिति गठन गरिएको छ", उहाँले भन्नुभयो, "समयमै काम सक्न दातृ निकाय र निर्माण कम्पनीलाई सबैको सकारात्मक सहयोग चाहिन्छ।"

निर्माण कम्पनीले काममा कुनै बाधा नआए तोकिएको समयभित्रै निर्माण पूरा गर्ने प्रतिबद्धता जनाएको वडाध्यक्ष गुरुङले बताउनुभयो । "परामर्शदाता कम्पनी पनि काममा कुनै ढिलाइ नहोस् भन्नेमा सचेत देखिन्छ, जनप्रतिनिधिलाई पनि झक्झाइरहनुभएको छ", उहाँले भन्नुभयो । वडाध्यक्ष गुरुङले चार लेनको सडक बनेमा सात तालको बाटिका भनेर चिनिने सिङ्गो लेखनाथ क्षेत्रको विकासले कोल्टे फेर्ने बताउनुभयो । तालचोक-बेगनास सडक पोखरा-मुग्लिन राजमार्गसँग पनि जोडिएकाले आर्थिक र पर्यटन गतिविधि थप बढ्ने उहाँको भनाइ छ । पोखरा-मुग्लिन सडक पनि अहिले चार लेनमा स्तरोन्नति भइरहेको छ।

कमसल सडककै कारण पछिल्लो समय बेगनास ताल घुम्न जाने पर्यटक घटेकामा स्तरोन्नति कार्य बेलैमा सक्नुपर्ने बेगनास तालका डुङ्गा व्यवसायी शिवप्रसाद पाण्डेले बताउनुभयो । निर्माणका चरणमा भएकाले पर्यटकका लागि उक्त सडकको यात्रा कष्टपूर्ण बनेको उहाँले बताउनुभयो। मुख्य पर्यटकीय याममै बेगनास क्षेत्र घुम्न जाने पर्यटकको सङ्ख्या घटेको जनाइएको छ । "चार लेनको सडक बन्दा बेगनास क्षेत्रको आउजाउ सजिलो बन्छ, यहाँको पर्यटनले पनि नयाँ गति लिन्छ", पाण्डेले भन्नुभयो, "सडक निर्माणमा ढिलासुस्ती हुन दिनु हुँदैन, महानगर पनि यसमा चनाखो रहनुपर्छ।"

# डेङ्गुबाट छ वर्षीय बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज

डेङ्गु सङ्क्रमणबाट तनहुँको व्यास नगरपालिका-४ शितलचोकका छ वर्षीय बालकको शुक्रबार गण्डकी मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको छ।

दमौलीस्थित कन्काई ग्लोबल एकेडेमीमा अध्ययनरत उनको निधनमा विद्यालयले आज शोक बिदा दिएको छ । व्यास नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख प्रमोद सोतीले बालकको मृत्युबारे औपचारिक जानकारप्राप्तनभएकोबताउनुभयो।

छ वर्षीय बालकको निधनसँगै व्यास नगरपालिकामा डेङ्गुबाट मृत्यु हुनेको सङ्ख्या पाँच पुगेको छ। डेङ्गु सङ्क्रमणबाट गत असार १६ गते व्यास नगरपालिका-१० निवासी ३५ वर्षीय युवा, असोज २ गते व्यास नगरपालिका-११ निवासी १५ वर्षीय किशोर, असोज ८ गते व्यास नगरपालिका-२ निवासी १३ वर्षीया बालिका र असोज २० गते व्यास नगरपालिका-२ निवासी ३४ वर्षीया महिलाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ।

# पर्यटन ...

क्षेत्रको मु.अ.कर कम गरिनु पर्ने, होटल तथा पर्यटन उद्योगको वित्तीय अवस्था हालसम्म सहज भइनसकेको हुनाले विसं. २०८१ असार मसान्त सम्मको पाक्ने व्याज छुट्टै हिसाब राखी हर्जना र पेनाल व्याज नलाग्ने व्यवस्था गरिनुपर्ने र होटलहरुको लागि आवश्यक पर्ने थप कर्जा न्यून व्याजदरमा प्रवाह गरिनुपर्ने तथा कर्जा प्रक्रिया शुल्क सहुलियतपूर्ण गरिनुपर्ने विषय पनि राखिएका छन्।

होटल उद्योगलाई पनि निर्यात व्यवसायिहरुले पाएको क्यास ब्याक इन्सेन्टिभ दिइने व्यवस्था गरिदिनु पर्ने बुँदा पनि उल्लेख गरिएको छ। सहुलियत कर्जाको सिमा वृद्धि गरिनु पर्ने तथा यसरी प्राप्त गरिनुपर्ने सेवा सुविधाहरु कतिपय होटलहरुले प्राप्त गर्न नसकेको र कार्यान्वयन हुन नसकेको हुँदा सहजिकरण गर्दै कार्यान्वयन भए नभएको अनुगमन कार्यका लागि निजी क्षेत्र सम्मिलित अनुगमन समिति गठन गरीनु पर्ने माग संघको छ।

होटलमार्फत विदेशी एजेन्टहरुलाई डलरमा कमिसन भुक्तानी गर्दा भुक्तानीको सिमा बढाइनुपर्ने साथै प्रक्रिया झन्झटिलो रहेको हुंदा होटलहरुले तोकेको व्यक्तिको नाममा डलरको प्रिपेड कार्ड उपलब्ध गराई सहजिकरण गर्न पनि संघले आग्रह गरेको छ।

अन्तर्राष्ट्रिय पर्यटकहरुद्वारा अधिकांश भुक्तानी एवम् कारोबार क्रेडिट कार्ड मार्फत हुने भएकाले क्रेडिट कार्डको प्रयोगमा बैंकहरुले लिदै आएको ३ प्रतिशत सेवा शुल्क धेरै महँगो भएकोले यसलाई घटाई बढीमा १ प्रतिशत कायम गरिनुपर्ने सुझाव पनि संघले दिएको छ।

ध्यानाकर्षण पत्र बुझ्दै पोखरा कार्यालयकी निर्देशक जोशीले व्यवसायीका मागहरुप्रति आफू सकारात्मक रहेको भन्दै ती मागहरुलाई यथाशीघ्र केन्द्रिय कार्यालयलाई उपलब्ध गराउने प्रतिवद्धता जनाइन् । हानका केन्द्रिय सदस्य एवं संघका पूर्व अध्यक्ष भरतराज पराजुलीले अहिले होटल क्षेत्रको अकुपेन्सी ८० प्रतिशत हुनुपर्नेमा २० देखि ३० प्रतिशत पनि नभएको यथार्थ सुनाए। अग्रज पर्यटन व्यवसायी रामचन्द्र बहादुर भट्टराईले कोभिड र रसिया- युक्रेन युद्धको असर नेपाली पर्यटनमा प्रत्यक्ष परेको भन्दै लेकसाइडमा पर्यटक नहुँदा अहिले डेडसाइड जस्तो बन्न पुगेको गुनासो गरे।


संघका महासचिव राजेन्द्र ढकालले पछिल्लो इजरायल प्यालेष्टाइन युद्धको असर समेत पर्यटन क्षेत्रमा देखिन थालेको भन्दै व्यवसायीलाई अफ्ठ्यारो पर्दा बैंकहरुबाट झनै न्याक्ने काम भएको दुःखेसो पोखे । 'अहिले कमाउने भन्दा पनि हामीलाई कसरी टिक्ने भन्ने चिन्ता छ,' उनले भने।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बुद्ध दाहाल बहिरा आवासीय प्राथमिक विद्यालय आर्थिक सङ्कटमा

**पोखरापत्र संवाददाता**
दमौली, २६ असोज

आर्थिक अभावका बीचमा गुज्रिएको बहिरा विद्यार्थी मात्रै अध्ययन गर्ने तनहुँको एक विद्यालयलाई आर्थिक सहयोग गरिएको छ।

व्यास नगरपालिका-१ खकौलीमा रहेको बुद्ध दाहाल बहिरा आवासीय प्राथमिक विद्यालयलाई सांसद डा स्वर्णिम वाग्लेको पहलमा रु एक लाख सहयोग गरिएको हो।

तीन लाख उपलब्ध गराउने प्रतिबद्धताबमोजिम पहिलो चरणमा निक फाउण्डेशनमार्फत विद्यालयलाई रु एक लाख बिहीबार हस्तान्तरण गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका नेता विश्व बास्तोला, सूर्यमणि पौडेललगायतले उक्त रकमको चेक बिहीबार विद्यालयमा आयोजित कार्यक्रममा हस्तान्तरण गर्नुभएको छ। केही समय अगाडि सांसद वाग्लेसँगका भेटमा विद्यालयलाई आर्थिक सङ्कट भएकोबारेमा जानकारी गराइएको थियो।

कक्षा १ देखि ५ सम्म सञ्चालित उक्त विद्यालयमा २८ बहिरा विद्यार्थी अध्ययनरत छन्। तीमध्ये नौ छात्रा र १९ छात्र छन्। कक्षा १ मा पाँच छात्रा र सात छात्र, कक्षा २ मा एक छात्रा र चार छात्र, कक्षा ३ मा चार छात्र, कक्षा ४ मा दुई छात्रा र एक छात्र र कक्षा ५ मा एक छात्रा र तीन छात्र अध्ययनरत छन् । ती विद्यार्थी बस्नका लागि विद्यालय आडैमा आवासगृह भवन निर्माण गरिएको छ। आर्थिक स्रोत नहुँदा विद्यालय सङ्कटमा रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मणिजङ्ग बस्नेत बताउनुभयो । तनहुँ, लमजुङ, गोरखा, स्याङ्जा, नवलपरासीका ती विद्यार्थी उक्त विद्यालयमा आवासीयरुपमा बसेर अध्ययन गर्दै आएका छन् । ती विद्यार्थीलाई बस्ने, खाने व्यवस्था सरकारले गर्दै आएको छ । तर पनि विद्यालयलाई आर्थिक समस्या पर्दै आएको छ।

विसं २०६५ मा प्रतिविद्यार्थी रु चार हजार दिने गरिएकामा हालसम्म पनि रकम वृद्धि नहुँदा समस्या हुँदै आएको बस्नेले बताउनुभयो । उहाँले भन्नुभयो, “१४ वर्ष पहिला जति रकम विद्यार्थीका लागि दिइन्थ्यो, अहिलेसम्म पनि सोही रकम हुँदा व्यवस्थापनमा समस्या हुँदै आएको छ। जसोतसो व्यवस्थापन गर्नुको विकल्प पनि छैन ।” सरकारले बहिरा विद्यार्थीका लागि मासिक प्रतिविद्यार्थी रु चार हजारका दरले रकम उपलब्ध गराउने गरेको छ । उक्त रकमबाट विद्यार्थीका लागि खाना, पोसाक, सरसफाइ, टेलिभिजन, इन्टरनेट, बिजुली, पानीको व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको छ। “१४ वर्षसम्म एउटै रकम हुँदा अप्ठ्यारो छ, सरसामानको मूल्यवृद्धि छ”, बस्नेतले भन्नुभयो, “हाल विद्यालयको मुख्य समस्या नै यहीँ हो। त्यति न्यून रकममा विद्यार्थी व्यवस्थापन गर्नुपरेको छ।” यस विषयमा सरोकारवाला निकायमा पटक-पटक ध्यानाकर्षण गराउँदा सुनुवाइ नभएको बस्नेतको गुनासो छ । “राज्यले यो समस्या समाधानमा ध्यानै दिएन, धेरै पटक सरोकारवाला निकाय गुहारिसक्यौँ, कतैबाट सम्बोधन हुँदैन”, बस्नेतले भन्नुभयो । छ वर्ष अगाडि पाहार ट्रष्ट नेपाल नामक संस्थाले आवास गृह भवन निर्माण गरिदिएको थियो । उक्त भवनमा ४० जनासम्म विद्यार्थी राख्न सकिने विद्यालयका प्रधानाध्यापक भैरव पन्थले जानकारी दिनुभयो।

लागि दश महिनाबापतको रकम विद्यालयमा आउँछ । सोही रकमबाट विद्यार्थीको सम्पूर्ण व्यवस्थापन गर्नुपर्ने बाध्यता छ । महिनामा दुई पटक मासु र हप्तामा एक पटक अण्डाको व्यवस्था गरिएको छ। विद्यालयमा भौतिक सुविधा राम्रो रहे पनि विद्यार्थीको आर्थिक पाटोका कारण समस्या हुने गरेको प्रधानाध्यापक पन्थको भनाइ छ। व्यास नगरपालिका-१ का वडासदस्यसमेत रहनुभएका व्यवस्थापन समितिका अध्यक्ष बस्नेतले यस विषयमा स्थानीय सरकार व्यास नगरपालिकामा कुरा उठाउने गरेपनि सम्बोधन नभएको गुनासो गर्नुहुन्छ । “म आफैं स्थानीय सरकारको प्रतिनिधित्व हुँ, नगरप्रमुखसँग यस विषयमा धेरै पटक कुरा गरिसकेँ, सुनुवाइ हुँदैन”, बस्नेतले भन्नुभयो, “भवन निर्माण, भान्साकोठा व्यवस्थापनका लागि पनि नगरपालिकाको तर्फबाट बजेट आउँछ ।” यही वर्ष व्यास नगरपालिकाको रु तीन लाख सहयोगमा भान्साकोठा निर्माण गरिएको छ । कक्षा ५ उत्तीर्ण भएपछि यहाँका विद्यार्थी पोखरा, गोरखा, बागलुङ जाने गरेका छन्। गत शैक्षिक शत्रमा यहाँबाट तीन जना विद्यार्थी अन्यत्र गएका छन्। विद्यालयमा बहिरा विद्यार्थीलाई अध्यापन गराउनका लागि प्रधानाध्यापकसहित पाँच जना शिक्षक छन्। त्यसमध्ये दुई जना पूर्ण बहिरा, एक जना आंशिक बहिरा र एक जना दोभाषे शिक्षक कार्यरत छन् । शिक्षकमध्ये एक जना स्थायी रहेको र बाँकी चार जना करारमा रहेको विद्यालयले जनाएको छ। त्यस्तै विद्यालयमा चार जना सहयोगी कर्मचारी छन् । ती कर्मचारीको मासिक तलब पनि न्यून छ। मासिक रु १३ हजार चार सय ५० तलबमा उनीहरूले काम गर्दै आएका छन्।

विसं २०५२ सालमा खरीस्वाँरा प्राथमिक विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई विसं २०५२ मा स्थानीय मिश्र परिवारले एक रोपनी जग्गा दिएपछि उक्त विद्यालय गङ्गादत्त प्राविमा रुपान्तरण भएको थियो। सोही ठाउँका खड्गबहादुर दाहाल र सीता दाहालले माइला छोरा स्व बुद्धसागर दाहालको स्मृतिमा विद्यालय भवन निर्माणका लागि विसं २०५६ मा जग्गा दान दिनुभएको थियो।

स्व दाहाल भारतीय सेनामा रहँदा विसं २०५५ फागुन ११ गते जागिरकै सिलसिलामा मृत्यु भएको थियो । दाहाल परिवारले छोराको स्मृतिमा एक रोपनी आठ आना जग्गा र रु दश लाख सहयोग गरेको थियो। त्यतिबेला बुद्ध दाहाल प्राथमिक विद्यालयको रुपमा सञ्चालित यस विद्यालयमा विद्यार्थी सङ्ख्या कम भएपछि विसं २०७१ मा जलदेवी माध्यमिक विद्यालयमा मर्ज भएको थियो। जलदेवी माध्यमिक विद्यालयमा चार वटा स्रोत केन्द्रमार्फत बहिरा विद्यार्थी अध्ययन गर्दै आएका थिए । विसं २०७४ असारबाट भने बुद्ध दाहाल बहिरा प्राथमिक विद्यालयको रुपमा हालसम्म सञ्चालित छ।

# महेन्द्रपुलमा शौचालय निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज



पोखराको मुख्य बजार महेन्द्रपुलमा अत्यधुनिक सार्वजनिक शौचालय निर्माण गरिएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) र पोखरा महानगरपालिकाको साझेदारीमा रु ९५ लाखको लागतमा सार्वजनिक शौचालय निर्माण गरिएको हो । उक्त शौचालयको शुक्रबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का अध्यक्ष रविना थापाले संयुक्त रुपमा उद्घाटन गर्नुभयो।

पोखरा-९ महेन्द्रपुलको सार्वजनिक जग्गामा रहेका जीर्ण भवनहरु विस्थापित गरी आठ आना क्षेत्रफलमा निर्माण गरिएको अपाङ्गमैत्री शौचालयमा चमेना गृह, बगैँचा र शौचालयभित्र स्तनपान कक्षसहित सेनेटरी प्याड पनि उपलब्ध हुने छ। महिला-पुरुष उक्त सार्वजनिक शौचालय केही दिनभित्र नै सञ्चालनमा ल्याइने छ । अत्याधुनिक सार्वजनिक शौचालय निर्माणसँगै पोखरा आउने स्वदेशी तथा विदेशी पर्यटकलाई अप्ठ्यारो परि स्थितिमा दिसापिसा गर्नका लागि सहजता मिल्ने विश्वास स्थानीय एवं समाजसेवी नरेन्द्र लालचनले बताउनुभयो । गैरआवासीय नेपाली सङ्घको रु ६० लाख र पोखरा महानगरपालिकाको रु ३५ लाख गरी ९५ लाखमा निर्माण बगैँचासहितको अत्याधुनिक शौचालयको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उक्त शौचालय पोखराकै नमूना बनेको बताउनुभयो।

शौचालय परिसरमा चमेनागृहसहित स्तनपान कक्ष र सेनेटरी प्याडको पनि व्यवस्था गरिएको नगरप्रमुख आचार्यको भनाइ छ। शौचालय निर्माणसँगै यसको उचित सदुपयोग र संरक्षण गर्ने दायित्व प्रयोगकर्ता सबैको भएको उहाँले बताउनुभयो।

“शौचालयमा जम्मा हुने दिसापिसावबाट बायो ग्यास निकालेर चमेनागृहमा प्रयोग गरिने योजना महानगरले अगाडि सारेको छ”, प्रमुख आचार्यले भन्नुभयो, “चमेनागृह आसपासमा चौतारी निर्माण गरिने छ भने अधिकांश ठाउँ खुल्ला रहने छ।”

एनआरएनएका अध्यक्ष एवं मेगा प्रोजेक्ट संयोजक रविना थापाले शौचालय निर्माणले पोखराको स्वच्छता प्रवर्द्धनमा विशेष योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । सङ्घले पोखरा महानगरपालिकाको साझेदारीमा अन्य योजना निर्माण गर्ने तयारीमा रहेको अध्यक्ष थापाको भनाइ छ।

पोखरा महानगरपालिकाभित्र हाल १५ स्थानमा महानगरले निर्माण गरेका सार्वजनिक शौचालय र ६० स्थानमा निजी साझेदारीमा सञ्चालन गरिएका सार्वजनिक शौचालय सञ्चालन छन्।

# एसओएस गण्डकीमा प्रतिभा प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज




एसओएस हरमन माइनर गण्डकीमा प्रतिभा प्रदर्शनी सम्पन्न भएको छ। विद्यालयको प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रम नेपालीहरूका महान् पर्व बडादसैँ, दीपावली, नेपाल संवत् र छठपर्वको पूर्वसन्ध्यामा आयोजना गरिएको हो । प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकीका निर्देशक लक्ष्मण देवकोटाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले गरेका थिए।

विद्यार्थीहरूमा अन्तर्निहित अतिरिक्त क्षमता उजागर गर्ने उद्देश्यले नेपालीहरूका महान् पर्वहरूको पूर्वसन्ध्यामा विद्यालयले हरेक वर्ष प्रतिभा प्रस्फुटन कार्यक्रम आयोजना गर्दै आइरहेको र सोही कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको विद्यालयका सहप्राचार्य प्रभास पौडेलले बताए । विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनलाई तहगत रूपमा विभाजन गरिएको थियो। आधार भूत तहको एक र माध्यमिक तहका दुई गरी जम्मा तीन चरणमा विभाजित उक्त कार्यक्रममा विद्यालयका बालबालिकाहरूले एकल तथा सामूहिक गायन, नृत्य, अभिनय, कविता, नाटिका आदिजस्ता कलाप्रस्तुतिहरू प्रदर्शन गरे । विद्यालयले यसपूर्व ५९ औँ बालदिवसका उपलक्ष्यमा गत भाद्र २९ गते कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको प्रतिभा प्रदर्शनी सम्पन्न गरिसकेको छ।

विद्यार्थीहरूद्वारा प्रस्तुत प्रतियोगितात्मक साङ्गीतिक प्रस्तुतिको मूल्याङ्कन सङ्गीतज्ञ सञ्जीव पाल, वरिष्ठ कोरियोग्राफर मीन गुरुङ तथा हिमाली सांस्कृतिक परिवार पोखराकी सदस्य सजिना गुरुङले गरेका थिए। कार्यक्रमका विजयी प्रतियोगीहरूलाई प्रमुख अतिथि लक्ष्मण देवकोटा, एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीद्वारा नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो।

प्रमुख अतिथिको आसनबाट बोल्दै प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकीका निर्देशक लक्ष्मण देवकोटाकाले निरन्तर रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेका कारण एसओएस सम्पूर्ण बालबालिकाको आकर्षणको केन्द्र बन्न सफल भएको बताए । एसओएसका विद्यार्थीहरूको प्रतिभाबाट आफू द्रवीभूत भएको बताउँदै प्रमुख अतिथि देवकोटाले यस्तै अवसर र मञ्चले विद्यार्थीहरूको जीवनमा नवीन दिशाबोध गर्ने दाबी गरे । विद्यालयीय शिक्षा पूरा गरेपछि विद्यार्थीहरू विदेश पलायन हुने क्रममा बढोत्तरी आइरहेको विषयप्रति चिन्ता व्यक्त गर्दै देवकोटाले सबै पक्ष मिलेर यो समस्या समाधान गर्न ढिलाइ गर्न नहुने धारणा राखे। आफ्ना विभिन्न प्रतिभाका माध्यमबाट कार्यक्रमको गरिमा अभिवृद्धि गर्ने सम्पूर्ण विद्यार्थीप्रति धन्यवाद ज्ञापन गर्दै विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले नेपालीहरूका घरआँगानमा भित्रिनै लागेका चाडपर्वहरूका उपलक्ष्यमा समस्त शिक्षक, अभिभावक र विद्यार्थीप्रति शुभकामनासमेत व्यक्त गरे। समारोहमा एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य, एसओएस युवालय गण्डकीका निर्देशक बाबुराम बराल, विद्यालयका सहप्राचार्यद्वय वीर सिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकी एकाइका अध्यक्ष टीकाराम सुवेदी, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डेलगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो । एसओएस स्कुलको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरू रिश्मा पाण्डे, प्रश्ना पौडेल, विशेष पौडेल, गोकुल श्रेष्ठ, आयुष सुवेदी र निश्चल सुवेदीले उक्त कार्यक्रम सञ्चालन गरेका थिए।

# माझी समुदायलाई रोजीरोटीकै पिरलो

**रासस**
म्याग्दी, २६ असोज

पुर्खौंदेखि कालीगण्डकी नदीमा डुङ्गा खियाएर र बालुवा निकालेर गर्जो टार्दै आएका बाग लुङ नगरपालिका-१ रामरेखाका माझी समुदाय संकटमा परेका छन्

पुर्खौंदेखिको पेसा अगाल्दै जीविकोपार्जन गर्दै आएका उनीहरू नदीमा छिर्न नपाउँदा अहिले फुर्सिदला भएका छन् । न्यून आयस्तर भएका सीमान्तकृत उनीहरू नदीमा नपसेको दुई वर्ष पुगेको छ।

पुस्तौँदेखि कालीगण्डकी किनाराको खनियाबासमा बस्दै आएका १७ घरपरिवार माझी समुदाय बागलुङ पोखरा सडक विस्तारका क्रममा विस्थापित भएपछि बागलुङको बाङ्गेचौरमा आश्रित थिए । बागलुङ नगरपालिकाले सीमान्तकृत माझी समुदायलाई पाँच अघिमात्रै खनियाबासमा जग्गासहितको घर बनाइदिएको थियो । पुस्तौँदेखि यही कालीगण्डकी नदीको छेउमा बस्तै आएका हामीहरूलाई दुई वर्षदेखि कालीगण्डकी नदीमा पस्न नदिएको देउकुमारी माझीले दुखेसो गर्नुभयो। “हाम्रो आश्रयस्थलनै कालीगण्डकी नदी थियो, अहिले त्यही नदीमा नगएको दुई वर्ष भयो, माझी समुदायको पीडा कस्ले बुझ्ने, कालीगण्डकी नदीमा खनीखोस्री गरेर जीविका चलाउँदै आएका थियौँ, अहिले बालुवा निकाल्न दिइँदैन, रातको समयमा डोजरले निकालेर आँखै अगाडि लगेर जान्छ, हामी त हेरेकोहेरै”, उहाँले भन्नुभयो, “पहिला सुन चाल्ने बगर अहिले छैन, खोलामा डोजर हालेर बगर नै राखेनन् त्यही बालुवा निकालेर पेट पाल्दै आएका थियौँ, अहिले बालुवा लिनलाई ट्र्याक्टर आउँदैनन्, हामीले बिल बनाएर बालुवा बिक्री गर्न कहाँ सक्छौँ र ?” उहाँले पुर्खौंदेखिको पेसालाई सरकारले हटाउँदा माझी समुदायले हातमुख जोर्न समस्या भएको जनाउँदै स्थानीय सरकारलाई पटक-पटक गुनासो गरे पनि सुनुवाइ नभएको बताउनुभयो।

उहाँले नदीजन्य उत्खनन रोक्नका लागि हामी जस्तालाई रोक लगाएको र क्रसर व्यवसायीलाई प्रोत्साहन गरेको दुखेसो सुनाउनुभयो । पहिला बालुवा चाल्ने गरे पनि अहिले खोला गहिरो भएर गएकाले एक दशकदेखि यहाँका माझी समुदायले बालुवा चाल्न छोडेका छन् । पछिल्लो समय कालीगण्डकीमा माछासमेत कम पाइन थालेपछि उनीहरू पेसाबाट पलायन भइरहेको पाइएको छ । यहाँका माझी समुदाय हातमुख जोर्नकै लागि विस्तारै पेसा परिवर्तन गर्न बाध्य भएको स्थानीय मङ्गली माझीले बताउनुभयो । “हाम्रो त खोलाबाट बालुवा निकाल्ने अधिकारनै हो तर माफियाले गरिखान दिएनन्, रातिमा डोजर लगाएर चोर्नेकार्य भइरहन्छ, हामीलाई एक बोरा बालुवा निकाल्न नदिएको दुई वर्ष भयो, हाम्रो पीडा कसैले बुझ्दैनन् यहाँका माझी अहिले अरुको घरमा काम गर्ने, ज्यालादारीमा खोतालो जाने, खेतबारीमा काम गर्न जान थालेका छौँ”, उहाँले भन्नुभयो, “अहिले यहाँका युवाले माछा मार्ने जाल र ढडिया बुन्न छोडेका छन्, खोलामा पस्न नपाएपछि माझी समुदायको अस्तित्वनै खतरामा पर्‍यो, माझी समुदायलाई नगरपालिकाले जग्गा दियो, घर दियो तर रोजीरोटीका लागि पहल गरोस् भन्ने चाहना छ ।” खनियाबासमा अहिले १७ माझी परिवार बसोबास गर्दै आएका छन्। यहाँका युवायुवती विस्तारै सहकारी र अन्य सङ्घ संस्थामा कार्यरत हुन थालेका छन् भने वृद्धवृद्धा नदीमा बालुवा निकाल्न नपाए पनि फुर्सदिला भएका छन् । माझी परिवारका अधिकांश सदस्यको जीविका कालीगण्डकीको बगरमा निर्भर भए पनि पछिल्लो दुई वर्ष कालीगण्डकी नदीमा बालुवा निकाल्न प्रशासनले रोक लगाएको छ । खनीखोस्री बालुवा निकाल्न प्रशासनले रोक लगाए पनि पारिपट्टि पर्वततर्फबाट भने रातको समयमा अवैध कालीगण्डकी नदी दोहोन रोकिएको छैन।

ठूला उपकरणले रातको समयमा कालीगण्डकी नदी दोहन गर्दा कालीगण्डकीको बगर पर्वततर्फ र कालीगण्डकीको धार बागलुङतर्फ फर्केको छ।

कालीगण्डकीको धार परिवर्तन हुँदा बागलुङतर्फको माझी बस्ती र मालढुङ्गाको बस्तीसमेत जोखिममा परेको जनाइएको छ । कालीगण्डकी किनारमा गिट्टी कुट्ने, बालुवा चाल्ने र माछा मार्ने माझीले आफ्नो जीविका चलाउनका लागि विभिन्न विकल्प खोज्न थालेको स्थानीय माझी समुदाय हर्कबहादुर बोटेले दुखेसो सुनाउनुभयो।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१७ निवासी श्री राम प्रसाद गुरुङको माग निवेदन बमोजिम निजको छोरा निशान गुरुङको जन्मदर्ता (व्यक्तिगत परिचयपत्र नं. २०६१०३१४००२७८) र शैक्षिक प्रमाणपत्रमा नाम थर निशान गुरुङ कायम भएको तर राम प्रसाद गुरुङको भारतीय पेन्सन डकुमेन्ट (सैनिक नं. ५४५०४६७, हवल्दार, ३/५ जि.आर.) मा छोराको नाम थर प्रतिक गुरुङ उल्लेख भई फरक भएतापनि दुवै नाम थर निशान गुरुङ र प्रतिक गुरुङ भन्ने व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. २१४६ मिति २०७७।०८।३० को सिफारिस पत्रबाट लेखि आएकोले नियमानुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# कांग्रेसलाई कमजोर बनाएर उपलब्धी उल्ट्याउन खोजिएको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली कांग्रेसलाई कमजोर बनाएर देशले हाँसिल गरेको उपलब्धी उल्ट्याउन खोजिएको बताएका छन् । ‘संविधान, समावेशीता, समानुपातीक पद्धती, धर्म निरपेक्षता लगायत धेरै विषय कसैलाई केही, कसैलाई केही मन परेको छैन’ गृहजिल्ला गोरखामा नेपाली कांग्रेस जिल्ला पार्टीले शुक्रबार आयोजना गरेको जिल्ला सम्मेलनमा बोल्दै उनले भने ‘उपलब्धी उल्ट्याउन कांग्रेसलाई कमजोर बनाउने तत्वहरु अहिले सल्बलाएका छन् ।’ प्राप्त उपलब्धीको रक्षा गर्दै देश विकासमा अघि बढ्नुपर्ने उनले बताए । गोरखाको नेपाली कांग्रेस भित्रको एकता र आत्मियतालाई कायम राख्नुपर्ने बताउँदै उनले कहिलेकाँही खल्बल्याउने प्रयत्न देखिने गरेको उनले बताए । ‘अधिवेशन, महाधिवेशन, निर्वाचनको टिकटका विषयलाई लिएर संगठन कमजोर बनाउने होईन’ मुख्यमन्त्री पाण्डेले भने ‘संगठन सुदृढ बनाए आगामी निर्वाचनमा कसरी जित्ने ? त्यो अनुसार अघि बढ्ने हो ।’ कांग्रेसभित्र हरेक तहमा अब्बल पात्र धेरै रहेको बताउँदै केन्द्रिय सदस्य समेत रहेका मुख्यमन्त्री पाण्डेले भने ‘यो हाम्रो व्यवस्थाले सबैले एकै पटक नेतृत्व गर्न मिल्दैन, यो बुझ्नुपर्छ ।’



कांग्रेस नेतृत्वको स्थानीय तह, प्रदेश र संघ सरकारले गरेका, भएका राम्रा कामलाई जनताको विचमा लैजान नसकेको उनले बताए । ‘गण्डकी प्रदेश सरकारको नेतृत्व मैले गरिरहेको छु, बिकासको बारेमा कांग्रेस कार्यकर्ता र जनताले शिर झुकाउन नपर्ने गरि सरकारले आफ्नो क्षमताले भ्यायसम्म काम गर्नेछ’ उनले भने । औंला ठड्याउने अवस्था आउन नदिने गरि गण्डकी सरकारले जनताको पक्षमा काम गर्ने मुख्यमन्त्री पाण्डेले बताए ।

# सराङकोट भुमे कालिका मन्दिरमा घटस्थापनादेखि दशैं विशेष पुजा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

पोखराको सराङकोटमा घटस्थापना देखि भुमे कालिका पुजा हुने भएको छ ।

बडा दशैंको अवसरमा भुमे मन्दिरमा दैनिक पुजा हुने मन्दिरका गुठियार तथा पुजारी सज्जीव मगरले बताए । मगरले भने “यहाँ सदियौं देखि भुमेको मन्दिरमा बडा दशैंमा पुजा हुदै आएको थियो तर केही वर्ष देखि यहाँ मन्दिर सांस्कृतीक चपेटामा परेको भन्दै यस वर्ष देखि अझै विशेष रुपमा तान्त्रीक पुजा गर्ने तयारी गरेका छौ । पोखरा महानगरपालिका १८ सराङकोटको उच्च भागमा रहेको भुमे कालिका मन्दिरमा विभीन्न मनकामना पुरा हुने जन विश्वास रही आएको छ । मन्दिरमा आफ्नो कामना सिद्ध गर्ने भन्दै बली



पञ्चबली भाक्कल दिने प्रचलन समेत रहेको छ । नव रात्रको नौ दिन टाकुरामा रहेको मन्दिरमा विशेष पुजा हुने मगरले बताए । मन्दिरमा घट्स्थापना फुलपाती, अष्ठमी र नवमीमा विशेष तान्त्रीक पुजा गरीने मगरले जानकारी दिए । ऐतिहासिक भुमे कालिका मन्दिर संरक्षणमा स्थानीयहरुले चासो दिएका छन् । मन्दिरको संरक्षण सर्म्बद्धन र प्रवर्न्द्ध गर्न वडा कार्यालले पनि सहयोग गरेमा धार्मीक पर्यटकहरुको प्रचर संभावना रहेको छ ।

# कागबेनी र मुक्तिनाथ क्षेत्रका पुरेहित फुर्सदिला

**रासस**
म्याग्दी, २६ असोज

यसअघिका वर्ष सोह्र श्राद्धको अवधिमा भ्याइनभ्याइ हुने मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकास्थित धार्मिकस्थल कागबेनीमा रहेका पुरेहित श्याम रिजाल यसपालि फुर्सदिला हुनुहुन्छ ।

“पोहोरपरार साल सोह्रश्राद्धको सबैतिथिमा भक्तजनले भरिभराउ हुने कागबेनीको श्राद्धस्थलमा यसपालि तीर्थालुको पातलो उपस्थिति छ”, उहाँले भन्नुभयो, “भक्तजन कम हुँदा हामीहरूलाई पनि कामको चाप छैन ।” दामोदर कुण्डबाट बगेर आएकी काली नदी र मुक्तिनाथका १०८ धाराबाट बगेर आएको गण्डकीको सङ्गमस्थल भएकाले कागबेनी पुगेर पिण्ड दान गर्दा सबैभन्दा उत्तम फल मिल्ने बराह पुराण, स्कन्द पुराण, श्रीमद्भागवतलगायतका ग्रन्थमा उल्लेख गरिएको छ । कागबेनीमा पुगेर पितृलाई तर्पण दिनका लागि सोह्र श्राद्ध वा पितृको तिथि नै चाहिँदैन । सोह्र श्राद्धमा कागबेनीमै पुगेर आफ्ना दिवङ्गत पितृको उद्धारका लागि पिण्ड दान गर्न आउने भक्तजनको सङ्ख्यामा यसपालि कमी आएको मुक्तिनाथ क्षेत्र विकास समितिका कर्मचारी रविन सुवेदीले बताउनुभयो ।

“ यसपालि यहाँ आउने नेपाली भक्तजन र तीर्थयात्री अहिलेसम्मकै कम छन्”, उहाँले भन्नुभयो, “औसी तिथिमा अन्य दिनमा भन्दा भक्तजन बढी आउलान तर समग्रमा कमी भएको छ ।” सोह्र श्राद्धलाई ‘महालय श्राद्ध’ पनि भनिन्छ । यसबाहेक सोह्र श्राद्ध, पितृपक्ष, कगइत, जितिया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिन पुकारा गरिन्छ । भाद्र शुक्ल पूर्णिमाबाट सुरु भएको यो पक्ष सोह्र श्राद्ध अवधिभरि अर्थात् आश्विन कृष्ण औंसीका दिनसम्म चल्ने गर्दछ । सोह्र श्राद्धको मुखमै बेनी–जोमसोम सडकमा पहिरोका कारण यातायात अवरुद्ध हुँदा गलत सन्देश प्रवाह हुनु, बाढीले कागबेनीमा भौतिक संरचनामा क्षति पुऱ्याउनु र आर्थिक क्षेत्रमा देखिएको समस्याको असर भक्तजन आगमनमा परेको स्थानीयवासीको भनाइ छ । सोह्र श्राद्धमा भक्तजन र तीर्थयात्रीले भरिभराउ हुने होटल र धर्मशाला यसपालि सुनसान रहेका जोमसोमका होटल व्यवसायी बमप्रसाद गौचनले बताउनुभयो । “पहिले तीर्थयात्री धेरै आउँदा होटलमा बास नपाएर डाइनिङ हलमा सुत्ने गर्दथे”, उहाँले भन्नुभयो, “यसपालि भएका कोठा पनि रित्ता भए ।” भक्तजन आगमनमा भएको कमीले म्याग्दी र मुस्ताङको होटल, यातायात व्यवसायीदेखि पूजा सामग्री बिक्री गर्नेलाई समेत असर गरेको छ । गत साउनको २८ गते कागखोलामा आएको बाढीले कागबेनीको बस्ती र भौतिक संरचनामा क्षति पुगेको थियो । बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहनुभएका कागबेनी बस्ती पुनःस्थापना तथा संरक्षण समितिका संयोजक धारा गुरुङले डोजरले बाढी पन्छाएर अस्थायी श्राद्धस्थल बनाएको जानकारी दिनुभयो । “अस्थायीरुपमा श्राद्ध गर्ने ठाउँ बनाएका छौं, पिण्डदान गर्न कुनै समस्या छैन”, उहाँले भन्नुभयो, “हिजोआज बेनी–जोमसोम सडकको अवस्था पनि सहज छ । मुस्ताङ भ्रमणमा कुनै समस्या छैन ।” मुक्तिनाथका होटल व्यवसायी रोशन थकालीले सोह्र श्राद्धमा भक्तजन कम भए पनि घटस्थापनापछि स्कुल कलेज र कार्यालय बिदा भई मुस्ताङ घुम्न आउने स्वदेशी पर्यटक बढ्ने अपेक्षा गरेको बताउनुभयो ।

हालै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, ऊर्जा, सिंचाइ तथा खानेपानीमन्त्री सरस्वती अर्याल र कृषि सहकारी तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले मुस्ताङ भ्रमण गर्नुभएको थियो । पर्यटन प्रवर्द्धनका लागि घरपफोड गाउँपालिकाले गत हप्ता जोमसोममा कृषि पर्यटन महोत्सवसमेत आयोजना गरेको थियो । वर्षा रोकिएको, आकाश खुलेको र चिसो सुरु हुन लागेको शरदयाम भ्रमण र घुमघामका लागि उपयुक्त मानिन्छ ।

# तनहुँमा आयुर्वेदप्रति बढ्दो आकर्षण : एक वर्षमा ११ हजार लाभान्वित

**रासस**
दमौली, २६ असोज

तनहुँमा आयुर्वेद सेवातर्फ सर्वसाधारणको आकर्षण बढेको छ । जिल्ला आयुर्वेद कार्यालयले प्रदान गर्ने सेवाका कारण सर्वसाधारणको यसतर्फ आकर्षण बढेको हो ।

एक वर्षको अवधिमा जिल्ला आयुर्वेद केन्द्रबाट ११ हजार दुई सय १७ जनाले सेवा लिएको वरिष्ठ कविराज शम्भु चापागाईले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्ष केन्द्रबाट १३ हजार चार सय ९९ ले सेवा लिएका थिए । यस वर्ष सेवा लिनेको सङ्ख्या पाँच हजार सात सय १८ ले बढेको उहाँले बताउनुभयो ।

कविराज चापागाईका अनुसार साउन महिनामा एक हजार एक सय एक, भदौमा पाँच सय ९५, असोजमा नौ सय ९९, कात्तिकमा पाँच सय ७९, मङ्सिरमा एक हजार एक सय ६३, पुसमा एक हजार पाँच सय ६७, माघमा एक हजार आठ सय ९३, फागुनमा एक हजार नौ सय ३७, चैतमा एक हजार पाँच सय १३, वैशाखमा दुई हजार छ सय ९८, जेठमा तीन हजार चार सय ३५ र असारमा एक हजार सात सय ३६ जनाले सेवा लिएका छन् ।

जल्लाभरका आयुर्वेद स्वास्थ्य केन्द्र, नागरिक आरोग्य सेवा केन्द्र लगायतबाट सेवा लिनेको सङ्ख्या भने ७० हजार दुई सय ६१ रहेको छ । जामुने आयुर्वेद स्वास्थ्य केन्द्रबाट दुई हजार सात सय ९८, शिशाघाट आयुर्वेद स्वास्थ्य केन्द्रबाट तीन हजार तीन सय सात, केशवटार आयुर्वेद स्वास्थ्य केन्द्रबाट दुई हजार नौ, भानु आयुर्वेद स्वास्थ्य केन्द्रबाट तीन हजार एक सय ३८, टुहुरेपसल आयुर्वेद स्वास्थ्य केन्द्रबाट दुई हजार चार सय ७२, भिमाद आयुर्वेद स्वास्थ्य केन्द्रबाट चार हजार चार सय ९७ जनाले सेवा लिएका छन् । यसैगरी, खैरेनीटार आयुर्वेद स्वास्थ्य केन्द्रबाट चार हजार सात सय ९९, रिस्ती आयुर्वेद स्वास्थ्य केन्द्रबाट दुई हजार तीन सय ७३, बन्दीपुर आयुर्वेद स्वास्थ्य केन्द्रबाट दुई हजार नौ सय १७, भिरकोट आयुर्वेद स्वास्थ्य केन्द्रबाट एक हजार पाँच सय २८ र रुपाकोट आयुर्वेद स्वास्थ्य केन्द्रबाट एक हजार नौ सय ७३ ले सेवा लिएको जनाइएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले सञ्चालन गरेको नागरिक आरोग्य सेवा केन्द्रबाट चार हजार चार सय ४१ ले सेवा लिएको चापागाईले जानकारी दिनुभयो । आयुर्वेद कार्यालयमा एक आयुर्वेद चिकित्सक, एक आयुर्वेद सहायक (कविराज), दुई वैद्य, एक लेखापाल, दुई कार्यालय सहयोगी, एक ल्याब टेक्निसियन कर्मचारी कार्यरत छन् । कार्यालयले उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्र सञ्चालनमा ल्याएको छ । पाइल्स, फिस्टुला, फिसरजस्ता रोगको उपचारमा प्रभावकारी मानिएको क्षारसुत्र विधि सञ्चालनमा ल्याइएको छ । गत वर्ष एक हजार दुई सय ५३ ले पञ्चकर्मा सेवा लिएका छन् ।

# ओझेलमा पर्दै स्थानीय सीप

**रासस**
ढोरपाटन, २६ असोज

पछिल्लो समय प्रविधिको विकास भएसँगै चोयाबाट बनेका डाला, डोका, नाङ्लोलगायत सामग्री बिक्न छोडेका छन् । आधुनिक प्रविधिबाट बनेका सामग्रीको प्रयोगका साथै परनिर्भर बन्दा स्थानीय सीप ओझेलमा पर्न थालेका हुन् ।

“पहिले–पहिले गाईभैंसी, भेडाबाखा चराउन जङ्गल जाने, दिनभर निगालोको चोयाबाट डाला, नाङ्ला र डोको बुन्ने गर्थ्यौं । महिना दिन लगाएर बुनेका डाला नाङ्ला एकै दिनमा बिक्री हुन्थे । त्यसबाट मनग्ये आम्दानी हुन्थ्यो”, ढोरपाटन–९ का ८३ वर्षीय लिलबहादुर घर्तीमगरले भन्नुभयो । उहाँले आफ्नो युवा उमेरमा चोयाबाट थुप्रै किसिमका सामग्री बनाएर बिक्री गरेको स्मरण गर्दै अहिले प्लास्टिकका सामग्रीले चोयाका सामान विस्थापित गरिदिएको बताउनुभयो । अहिले आफ्नै घरमा पनि प्लास्टिकका नाङ्लो र गाग्री प्रयोग गर्न थालेको घर्तीमगरको भनाइ थियो । प्रविधिको बढ्दो विकाससँगै स्थानीय परनिर्भर बन्दै गएका उहाँले बताउनुभयो । आफ्नो पालामा नुन, भाँडाकुँडा र लत्ताकपडाबाहेक अन्य सामान बाहिरबाट नल्याएको स्मरण गर्दै पछिल्लो समय गाउँमा सबैले आयातित सामान प्रयोग गर्ने गरेका घर्तीमगरको भनाइ थियो । अहिले पनि केही बूढापाकाले चोयाबाट सामग्री बनाउने गरेका भन्दै उहाँले आधुनिक सामग्रीको प्रयोगका कारण ती बिक्री नहुने बताउनुभयो । “आफूहरू दसैँ, माघेसङ्क्रान्ति र चैते दसैँका बेला दर्जनौँ डोका, नाङ्लो बोकेर बजारमा बिक्री गर्न जाने गरिन्थ्यो । फर्किंदा घरमा चाहिने सामान लिएर आउथ्यौँ”, घर्तीमगरले स्मरण गर्नुभयो । स्थानीय प्रेमबहादुर सुनारले आफू ११ वर्ष हुँदादेखि डालो, नाङ्लो बुन्दै आएको सुनाउँदै अहिले पनि बुन्ने गरेको बताउनुभयो । पहिले एकै सिजनमा रू डेढ लाखको चोयाका सामग्री बेच्ने गरेकामा अहिले बिक्री नै हुन छाडेको उहाँको भनाइ थियो । बाउ, बाजे र काकाबाट मान्द्रो, डालो, नाम्लो, दाम्लो र नाङ्लो बुन्न सिकेको भन्दै नयाँ पुस्ताले यसप्रति चासो नदेखाउँदा सीप हस्तान्तरण हुन नसकेको सुनारले गुनासो गर्नुभयो । बूढापाकाको हातखुट्टा चल्न छाडेपछि स्थानीयस्तरमा भएका कला, सीप र संस्कृति लोप भएर जाने खतरा बढेको भन्दै एक दशकदेखि गाउँमा प्लास्टिकका भाँडाकुँडा र डालो, नाङ्लो पुगेपछि चोयाबाट बुनेका सामान प्रयोग गर्न छोडेका उहाँले जानकारी दिनुभयो । चोयाबाट बनेका डालो, नाङ्लो, डालोलगायतका सामग्री प्लास्टिकको तुलनामा निकै बलियो हुने बताउँदै सुनारले स्थानीय उत्पादनभन्दा आयातित सामानप्रति आकर्षण बढी भएकाले मौलिक सीपबाट बनेका सामानले बजार नपाएको गुनासो गर्नुभयो । डालो, नाङ्लो वनमा गएर गजिङ, मालिङ्का चोया निकालेर बुन्न निकै समय लाग्ने भन्दै बजार नपाउँदा आफूहरूको मेहनत खेर गएको उहाँले दुःखेसो पोख्नुभयो । “अहिले ७० वर्षको भए ।

अझै पनि हातमा सीप छ । दिनभरि लगाएर सामान बुन्ने हो, बिक्री नहुँदा दुःख लाग्छ । अहिले वर्षभरि रू ५० हजारको सामान बेच्न पनि मुस्किल हुन्छ”, सुनारले भन्नुभयो, “हाम्रा पालामा मानापाथी चल्थे । अहिलेको जस्तो एक किलो, दुई किलो भन्ने थिएन । व्यापारीले पाँच मानादेखि १० पाथीसम्मका ठाला राख्थे, मेला महोत्सवमा पनि धेरै सामान बिक्थे ।” बडिगाडका होमबहादुर सिंजालीले पहिले बिस्कुन सुकाउन, गोठ छाउनका लागि चोयाको मान्द्रो, बलाङ प्रयोग गर्ने गरेको भन्दै अहिले प्लास्टिकका त्रिपाल बढी चल्ने गरेको बताउनुभयो । उतिबेला गोठालाले लेक, बेंसीमा गोठा हाल्दा चोयाकै बलाङ्ले छाउने गरे पनि अहिले लेकका टुप्पासम्म पानीकागज र त्रिपाल पुग थालेको उहाँको भनाइ थियो ।

# विश्वकप क्रिकेट : न्यूजील्यान्डको लगातार तेस्रो जीत

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज

आइसिसी विश्वकप क्रिकेट प्रतियोगिता, २०२३ अन्तर्गत आज भएको खेलमा न्यूजिल्याण्डले बङ्गलादेशलाई आठ विकेटले पराजित गरेको छ । न्यूजिल्याण्ड लगातार तेस्रो खेलमा विजयी भएको हो ।

भारतको चेन्नैमा आज न्यूजिल्याण्डले टस जितेर पहिला फिल्डिङ रोजेको थियो । बङ्गलादेशले ब्याटिङ गर्दै निर्धारित ५० ओभरको खेलमा नौ विकेट गुमाएर दुई सय ४५ रन बनायो । दुई सय ४६ रनको विजय लक्ष्य न्यूजिल्याण्डले ४२ दशमलव पाँच ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । न्यूजिल्याण्डका लागि डयारेल मिचेलले अविजित ८९ रन बनाए । उनले ६७ बल खेल्दै चार छक्का र ६ चौका प्रहार गरे । यस्तै केन विलियसनले एक सय सात बल खेल्दै ७८ रन बनाए । उनले यस क्रममा एक छक्का र आठ चौका हाने । डेवोन कान्वेले ४५ रनको योगदान दिए । उनले ५९ बल खेल्दै तीन चौका प्रहार गरे । बलिङतर्फ बङ्गलादेशका मुस्ताफिजुर रहमान र शकिब अल हसनले एक एक विकेट लिए ।

